आज मिति २०७७ जेष्ठ १९ गते यस वेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी ज्यूको अध्यक्षतामा बसि निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

१ अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी

२ उपाध्यक्ष श्री देवि प्रसाद सिलवाल

३ वडा अध्यक्ष श्री नन्द प्रसाद तामाङ

४ वडा अध्यक्ष श्री टंक बहादुर थापा

५ वडा अध्यक्ष श्री भुवन त्रिपाठी

६ वडा अध्यक्ष श्री गुणराज उप्रेती

७ वडा अध्यक्ष श्री रोशन कुमार सिलवाल

८ वडा अध्यक्ष श्री देवकृष्ण आलेमगर

९ वडा अध्यक्ष श्री हिरालाल थर्पालिया

१० वडा अध्यक्ष श्री विर बहादुर श्रेष्ठ

११ वडा अध्यक्ष श्री सुरेश मल्ल

१२ वडा अध्यक्ष श्री अम्बर बहादुर गुरुङ

१३ कार्यपालिका सदस्य श्री कमला राना मगर

१४ कार्यपालिका सदस्य श्री कान्छीमाया मगर

१५ कार्यपालिका सदस्य श्री विन्दा मगरानी

१६ कार्यपालिका सदस्य श्री राधा कुमारी डल्लाकोटी

१७ कार्यपालिका सदस्य श्री राम बहादुर बराम

१८ प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण प्रसाद भट्टराई

आमन्त्रीत

लेखा अधिकृत श्री सन्तोष अर्याल

सुचना अधिकारी श्री परशुराम घिमिरे

Scanned with CamScanner

निर्णय नं. १

कोरोना भाइरस (कोभिड १९) रोकथामको लागि नेपाल सरकारले मिति २०७६/१२/११ देखी देशभर बन्दाबन्दीको घोषण भएबाट दैनिक ज्याला मजदुरी गरी बस्ने परिवार तथा बिपन्न नागरिकहरुलाई दैनिक गुजरामा समस्या भएकोमा राहत वितरण सम्बन्धि कार्यविधि बमोजिम पहिला चरणमा प्रत्येक वडामा वडाले छनौट गरेका घरपरिवारहरुलाई राहत वितरण गरिएको र सम्भावित खाद्य संकटलाई मध्यनजर गर्दै मिति २०७७/०१/०३ को कार्यपालिकाको निर्णय अनुसार कूल २७७७ बोरा चामल खरिद गरी मौज्दात राखिएकोमा हाल बन्दाबन्दीको समयमापनि खाद्यान्नको सहज आपूर्ती भै रहेको र खरिद गरिराखिएको चामल बिग्रने (सड्ने) सम्भावना बढी भएकोले उक्त चामल बन्दाबन्दीको कारण रोजगारी गुमाएका घर परिवारहरुलाई वडाले तोकिएको कुनै निर्माण कार्यमा प्रति दिन कम्तिमा ८ घण्टाका दरले दुई दिन काम गरे पछि एक बोरा चामल उपलब्ध गराउने गरी वडाको जनसंख्याको आधारमा निम्न वडाहरुलाई निम्नानुसार चामल उपलब्ध गराउने र प्रत्येक वडाले कार्यको अनुगमन गरी चामल भुक्तानी को व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

| वडा नं. | जनसंख्या | प्राप्त गर्ने चामल६ |
|---|---|---|
| १ | २२१३ | १९५ |
| २ | ४६११ | ४०७ |
| ३ | ३८९५ | ३४४ |
| ४ | २४५२ | २१६ |
| ५ | ३३७० | २९७ |
| ६ | २२९९ | २०३ |
| ७ | २४७९ | २१९ |
| ८ | २४१२ | २१३ |
| ९ | ३२२३ | २८४ |
| १० | ४५२१ | ३९९ |
| गोदाम रेखदेख | | १ |
| | | २७७७ |

निर्णय नं. २

भारत लगायत अन्य मुलुकहरुमा रोजगारी लगायतको कार्यका लागि जानुभएका यस गाउँपालिकाका नागरिकहरु आ-आफ्नो घर फर्कन चाहनु भएको र कतिपय आईरहनु भएकोमा विदेशबाट फर्कने नागरिकमा कोरना भइरस संक्रमणको उच्च जोखिम हुने भएकोले उनिहरुलाई सम्बन्धित वडाले क्वारेन्टीनको व्यवस्था गरी कम्तिमा १४ दिन क्वारेन्टीनमा राख्ने व्यवस्था मिलाउने र क्वारेन्टीनमा बस्ने नागरिकको खाना तथा बासको लागि प्रति व्यक्ति प्रति दिन बढिमा रु ४००।-का दरले वडाहरु लाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

नेपाल सरकारको स्वास्थ्य तर्फको शसर्त अनुदान तर्फ स्वीकृत खोप केन्द्र निर्माणको रकम बाट वडा नं. २ भिरुवासमा खोप केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

Scanned with CamScanner